"सहिदभूमि गाउँपालिकाको समृद्धि : शिक्षा, स्वास्थ्य पर्यटन र कृषि"

# सहिदभूमि गाउँपालिका
Sahidbhumi Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

प.सं.
च.नं.

पिप्ले, धनकुटा
Piple, Dhankuta

कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal

विषयः चार पाङ्ग्रे हलुका सवारी चालक (Category-B) तालिम सञ्चालन सम्बन्धी प्रस्ताव (Proposal) आह्वानको सूचना।

(सूचना प्रकाशन मितिः २०८३/०२/२२)

यस सहिदभूमि गाउँपालिकाको चालु आव २०८२/०८३ मा प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ मा निर्वाचन प्रहरीमा सहभागी भएका युवाहरूका लागि चार पाङ्ग्रे हलुका सवारी (Category-B) चालक तालिम सञ्चालन गर्नुपर्ने भएकाले इजाजत प्राप्त, अनुभवी तथा इच्छुक फर्म, संस्था वा ड्राइभिङ स्कूलहरूबाट रीतपूर्वकको सिलबन्दी प्रस्ताव (Financial Proposal) आह्वान गरिन्छ।

यो सूचना प्रकाशित भएको मितिले ३ (तीन) दिनभित्र तोकिएका सर्तहरूको अधीनमा रही यस कार्यालयको प्रशासन, योजना तथा अनुगमन शाखामा भौतिक रुपमा दर्ता वा E-mail: sahidbhumirural@gmail.com मार्फत पेश गर्नुहुन अनुरोध छ।

१. कार्यक्षेत्र (Scope of Work):

- तालिमको विषयः चार पाङ्ग्रे हलुका सवारी साधन चालक तालिम (Category-B)।
- लक्षित समूहः सहिदभूमि गाउँपालिका स्थायी ठेगाना भइ प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ मा निर्वाचन प्रहरीमा खटिएका युवाहरूमध्ये आर्थिक रुपमा विपन्न साथै विगतमा यसै प्रकृतिका सुविधा नलिएका मध्येबाट छनोट समितिले आधार र कारण सहित छनोट गर्ने ।
- सहभागी सङ्ख्याः २५ (पच्चिस) जना।
- तालिमको अवधिः १५ दिन तोकिएको पूर्ण कार्यघण्टा (प्रयोगात्मक तथा सैद्धान्तिक)।
- कार्यक्षेत्रः गाउँपालिकाले तोकेको पायक पर्ने स्थान।
- आर्थिक प्रस्ताव पेश गर्ने ढाँचा यसै पत्रसाथ संलग्न गरिएको छ।

२. फर्म/संस्थाको न्यूनतम योग्यता र आवश्यक कागजातहरूः

- फर्म, कम्पनी वा संस्था दर्ताको अद्यावधिक प्रमाणपत्र।
- स्थायी लेखा नम्बर (PAN) वा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्र।
- आर्थिक वर्ष २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र (Tax Clearance Certificate)।
- संस्थाको प्रोफाइल (अनुभव, प्रशिक्षकहरूको विवरण र पूर्वाधारको अवस्था)।
- अन्य सर्तहरू प्रचलित खरिद ऐन तथा नियमावली र गाउँपालिकाको आर्थिक ऐन बमोजिम हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्षः ९८५२०६८५३५ उपाध्यक्षः ९८५२०६९५३५ प्र.प्र.अ : ९८५२०६४५३५ प्रशासन तथा योजना शाखाः ९८५२०६०५३५
आर्थिक प्रशासन शाखाः ९८५२०६५५३५ प्राविधिक शाखाः ९८५२०६७५३५ शिक्षा शाखाः ९८५२०६४५३६

## सहिदभूमि गाउँपालिका, धनकुटा

### चार पाङ्ग्रे हलुका सवारी साधन तालिम सञ्चालन

**प्रति सहभागी(Per Head Cost): आर्थिक प्रस्ताव पेश गर्ने सम्बन्धमा**

| क्र.सं. | विवरण (Description of Items) | एकाइ (Unit) | परिमाण (Quantity) | प्रति एकाइ दर (रु. अंकमा) | प्रति एकाइ दर (रु. अक्षरमा) | जम्मा रकम (रु.) |
|---|---|---|---|---|---|---|
| १ | ***सैद्धान्तिक कक्षा (Theoretical Classes)*** | | | | | |
| १.१ | ट्राफिक नियम, सडक संकेत र मेकानिकल ज्ञान सम्बन्धी कक्षा व्यवस्थापन खर्च (कक्षा कोठा, ह्वाइटबोर्ड/प्रोजेक्टर र शैक्षिक सामग्री समेत) | प्रशिक्षार्थी | [संख्या]* | | | |
| १.२ | सैद्धान्तिक कक्षा प्रशिक्षक/विज्ञ पारिश्रमिक | घण्टा/सत्र | [संख्या] | | | |
| २ | ***प्रयोगात्मक कक्षा (Practical Classes)*** | | | | | |
| २.१ | प्रयोगात्मक अभ्यासका लागि दोहोरो नियन्त्रण भएको सवारी साधन (Dual Control Car) र इन्धन (Fuel/Lubricants) खर्च | घण्टा/प्रशिक्षार्थी | [संख्या] | | | |
| २.२ | प्रयोगात्मक कक्षा सवारी चालक प्रशिक्षक (Driving Instructor) पारिश्रमिक | घण्टा/महिना | [संख्या] | | | |
| २.३ | प्रयोगात्मक अभ्यास (Driving Track / L-Shape, T-Shape, Gradient आदि) का लागि ट्रायल मैदान शुल्क | घण्टा/मुष्ठ | [संख्या] | | | |
| | क) कुल जम्मा रकम (रु.) | | | | | |
| | ख) १३% मूल्य अभिवृद्धि कर (VAT) | | | | | |
| | ग) खुद कुल जम्मा रकम (VAT सहित) (रु.) | | | | | |

प्रस्ताव पेश गर्ने संस्था/फर्मको विवरण:

पेश गरेको मिति:

व्यवसायीको नाथमर:

संस्था/फर्मको छाप:

क. खुद कुल जम्मा रकम- (VAT सहित)

क १.१- अङ्कमा:

क १.२ अक्षरमा:

सहिदभूमि गाउँपालिका
Sahidbhumi Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office Of The Rural Municipal Executive
धनकुटा, २०७३
Dhankuta, 2073